नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क ३ | मङ्सिर २०८० | नोभेम्बर-डिसेम्बर २०२३

# बैंक र महासङ्घबीच तथ्याङ्क र सूचना आदानप्रदानसम्बन्धी समझदारी



नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासङ्घबीच अध्ययन/अनुसन्धानको प्रयोजनका निम्ति आर्थिक तथ्याङ्क र सूचना आदानप्रदान गर्ने समझदारी भएको छ।

गभर्नर महाप्रसाद अधिकारी र महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालको उपस्थितिमा कात्तिक १७ गते बैंकमा आयोजित कार्यक्रमका बीच उक्त समझदारी भएको हो। समझदारीपत्रमा बैंकका तर्फबाट आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र महासङ्घका महानिर्देशक गोकर्णराज अवस्थीले हस्ताक्षर गर्नुभयो।

उक्त समझदारीअनुसार आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयारीका लागि महासङ्घमा आबद्ध उद्योगहरूले प्रत्येक त्रयमासमा आवश्यक तथ्याङ्क र सूचनाहरू राष्ट्र बैंकलाई उपलब्ध गराउनेछन्। त्यसको निम्ति महासङ्घले उद्योगहरूसँग आवश्यकताअनुसार समन्वय र सहजीकरण गर्नेछ। साथै, बैंकले समयसमयमा गर्ने आकस्मिक तथा विशेष अध्ययनका लागि आवश्यक पर्ने औद्योगिक तथ्याङ्क र सूचना जुनसुकै समयमा महासङ्घमा आबद्ध उद्योगहरूले बैंकलाई उपलब्ध गराउने समझदारी भएको छ।

महासङ्घ वा उद्योगले उपलब्ध गराउने तथ्याङ्क नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले अध्ययन/विश्लेषण तथा एकीकृत रूपमा प्रकाशन गर्ने प्रयोजनको लागि मात्र उपयोग गरिनेछ। सम्बन्धित निकाय र उद्योगबाट प्राप्त तथ्याङ्क र सूचनाको पूर्ण रूपमा गोपनीयता कायम गरिने दुईपक्षीय समझदारी छ।

त्यसरी उपलब्ध गराइएको तथ्याङ्क र सूचना बृहत् आर्थिक नीति निर्माण गर्ने प्रयोजनबाहेक व्यक्तिगत रूपमा अध्ययन/अनुसन्धान, प्रकाशन र अन्य कुनै पनि प्रयोजनका लागि उपयोग नगरिने समझदारी भएको छ। तथापि, उद्योग/व्यवसायको पहिचान नहुनेगरी प्रकाशित भएको तथ्याङ्क र सूचनाको उपयोगमा भने बाधा पर्ने छैन।

समझदारीअनुसार महासङ्घले विभिन्न समयमा गर्ने अध्ययन/अनुसन्धान, अन्तरक्रियालगायतका कार्यमा बैंकले आवश्यक जनशक्ति र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ। साथै, बैंकलाई आवश्यक पर्दा महासङ्घबाट पनि यस प्रकारको सहयोग उपलब्ध हुनेछ। बैंकले तयार गर्ने औद्योगिक क्षेत्रसँग सम्बन्धित अध्ययन प्रतिवेदन महासङ्घलाई उपलब्ध गराउने समझदारी भएको छ।

कार्यक्रममा गभर्नर अधिकारीले बैंक र महासङ्घबीचको समझदारीबाट तथ्याङ्क र सूचनाको आदानप्रदानमा सहजीकरण हुने उल्लेख गर्दै त्यसले बैंकका नीतिगत व्यवस्थाको तर्जुमा र कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। यसै गरी, महासङ्घका अध्यक्ष ढकालले औद्योगिक क्षेत्रका तथ्याङ्क र सूचना नियमित रूपमा बैंकलाई उपलब्ध गराउन महासङ्घले समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, बैंकका निर्देशकद्वय मुक्तिनाथ सापकोटा र नारायणप्रसाद पोखेल तथा महासङ्घका तर्फबाट वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्सना श्रेष्ठलगायतको उपस्थिति थियो। ■

# वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षक तयार



नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता प्रशिक्षणको निम्ति २५ जना विज्ञ प्रशिक्षकहरू तयार गरेको छ। बैंकले वेबसाइटमार्फत प्रशिक्षकको विवरणसमेत प्रकाशन गरेको छ।

देशव्यापी रूपमा वित्तीय साक्षरताको पहुँच विस्तार गर्ने उद्देश्यका साथ बैंकले छ दिने प्रशिक्षणमार्फत २५ जना विज्ञ प्रशिक्षकहरू तयार गरेको थियो। कात्तिक २२ गते बैंकमा आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले प्रशिक्षक छनोटपश्चात् वित्तीय साक्षरता प्रवर्द्धन थप प्रभावकारी हुने विश्वास व्यक्त गर्दै सफलताको निम्ति शुभकामना व्यक्त गर्नुभयो। सो अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रले शुभकामना दिनुभएको थियो।

प्रशिक्षकहरूलाई 'वित्तीय साक्षरता ढाँचा, २०२२' ले निर्धारण गरेबमोजिमका लक्षित समूहलाई वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण दिनुपर्ने जिम्मेवारी तोकिएको छ। ■

# 'Green Taxonomy Development in Nepal' को मस्यौदामाथि अन्तरक्रिया




बैंक तथा वित्तीय संस्था नियमन विभागले कात्तिक १९ देखि २१ गतेसम्म काठमाडौंमा 'Green Taxonomy Development in Nepal' को मस्यौदामाथि अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

विभागले Alliance for Financial Inclusion (AFI) को प्राविधिक र In Country Implementation (ICI) अनुदान सहयोगमा उक्त मस्यौदा तर्जुमा गरेको थियो। मस्यौदामाथि सरोकारवाला निकायको सुझाव लिने उद्देश्यका साथ उक्त अन्तरक्रिया आयोजना गरिएको हो।

विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको उपस्थितिमा आयोजित कार्यक्रममा विभिन्न मन्त्रालय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसँगै मस्यौदा समितिका सदस्यहरूको सहभागिता थियो। कार्यक्रममा मस्यौदाको परामर्शदाता अक्सफोर्ड पोलिसी म्यानेजमेन्टका तर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो।

सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक रागनी सिंहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# 'GL Software' सम्बन्धी तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले कात्तिक १९ देखि २१ गतेसम्म विराटनगरमा 'GL Software' विषयक सहायकस्तरीय तालिम कार्यक्रम आयोजना गर्‍यो ।

नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा ओलम्पिक बैंकिङ सिस्टमको परिचय, रिपोर्टिङ सिस्टम, जीएलमा आधारित सार्वजनिक ऋण व्यवस्थापन, वित्त व्यवस्थापन, मुद्रा व्यवस्थापन, बैंकिङ अपरेसन विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा केन्द्रका निर्देशक शैलेन्द्र रेग्मीले तालिमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने विराटनगर कार्यालयका उप-निर्देशक गङ्गा बस्नेतले स्वागत मन्तव्य राख्नुभयो । केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले उक्त तालिमको संयोजन गर्नुभएको थियो । ■

# सिन्धुलीको दुधौलीमा 'वित्तीय साक्षरता कार्यक्रम'

गभर्नरको कार्यालयले असोज ८ गते सिन्धुलीको दुधौली नगरपालिकामा 'वित्तीय साक्षरता कार्यक्रम' कार्यक्रम आयोजना गर्‍यो । 'वित्तीय साक्षरता ढाँचा, २०२२' ले पहिचान गरेका नौ वटा लक्षित वर्गमध्ये महिला तथा किसान समूहमाथि केन्द्रित रहेर उक्त कार्यक्रम आयोजना गरिएको हो ।



दुधौली नगरपालिकाका मेयर दिनेश अधिकारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्थानीय कृषक, महिला, विद्यार्थी, बैंक तथा वित्तीय संस्था र दुधौली नगरपालिकाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक टेकराज भण्डारीले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरताको परिचय, बैंक खाता खोल्ने प्रक्रिया, बचतको महत्व, बैंक कर्जा, कर्जा दुरुपयोग, वित्तीय संस्थाले दिने सेवा, विद्युतीय भुक्तानी कारोबार र यसमा हुनसक्ने ठगीका जोखिम, सफा नोट नीति, विप्रेषण, बीमालगायतका विषयमा जानकारी दिनुभयो ।

सो अवसरमा मेयर अधिकारीले कार्यक्रम सञ्चालनको निम्ति दुधौलीलाई छनोट गरेकोमा धन्यवाद दिँदै यसबाट वित्तीय सचेना प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा दुधौली नगरपालिकाका उप-मेयर चन्द्रलाल थारु र प्रमुख प्रशासकीय अधिकृत दीपक ढकालले आ-आफ्नो धारणा राख्नुभयो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक विजयकृष्ण कुटुले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक सिर्जना अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# अवकाश

बैंक सुपरिवेक्षण विभागका कार्यालय सहयोगी प्रथम विमला लामिछानेले २०८० असोज ४ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल